नेपाल सरकार
गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(पिलर-४)

फोन: ०१-४५११७७६
Ext: १०१७
फ्याक्स : ०१-४५१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

## प्रेस विज्ञप्ती-१२०

**"संरक्षित वन्यजन्तु हात्तिको दाह्रा (आखेटोपहार) १५.६८ के.जी. ओसारपसार तथा बेचविखन कसुरमा फरार प्रतिवादी पक्राउ"**

मिति २०७८/११/२७ गते, जिल्ला काठमाण्डौं का.म.पा. वडा नं. ३ चक्रपथ स्थित होटेल ओदानमा संरक्षित वन्यजन्तुको आखेटोपहार अवैधरुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान व्यूरोबाट वन्यजन्तु अपराध नियन्त्रणका लागि खटि गएको प्रहरी टोलीले उक्त होटलबाट संरक्षित वन्यजन्तु हात्तीको दाह्रा (आखेटोपहार) १५.६८ के.जी. अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न ल्याएको अवस्थामा जिल्ला झापा भद्रपुर नगरपालिका वडा नं. ७ बस्ने राम कुमार लिम्बुको छोरा वर्ष ५८ को भिम कुमार भनिने भक्ति कुमार लिम्बु, जिल्ला झापा भद्रपुर न.पा. ७ चन्द्रगढी बस्ने गणेश कार्कीको छोरा वर्ष ४२ अशोक कार्की र जिल्ला पाँचथर फिदिम न.पा. वडा नं. ४ जोरसाल बस्ने पुण्य प्रसाद सुवेदीको छोरा वर्ष ४३ रमेश सुवेदी लाई उक्त आखेटोपहार सहित पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि मिति २०७८।११।२९ गते डिभिजन वन कार्यालय, हात्तीसार, काठमाण्डौंमा पठाईएको वन्यजन्तु सम्बन्धी कसुर अनुसन्धानबाट थप व्यक्तिहरुको संलग्नता खुल्न आई प्रतिवादीहरु खोजतलास गर्ने क्रममा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले जिल्ला प्रहरी कार्यालय, झापा समेतको सहयोगमा निम्न फरार प्रतिवादीलाई मिति २०७९।०३।३० गते खुदुनावारी, झापाबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि डिभिजन वन कार्यालय, हात्तिसार, काठमाडौंमा पठाई व्यहोरा जानकारी गराईन्छ।

**पक्राउ प्रतिवादी:**

जिल्ला ईलाम, जितपुर-१, झरनाचोक घर भई हाल अर्जुनधारा नगरपालिका-३, खुदुनावारी झापा बस्ने तुल बहादुर राईको छोरा, वर्ष अं. २५ को रमेश राई।






उप-निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११

मिति : २०७९।३।३० गते।